बैठक नं १८२

आज मिति २०८२/०२/३० गतेका दिन यस तादी गाउँपालिकाका अध्यक्ष श्री सन्तमान तामाङ ज्यू को अध्यक्षतामा गाउँपालिका, गाउँकार्यपालिकाको बैठक बसि तपशिल बमोजिमको प्रस्ताव माथि छलफल गरी निर्णयहरु गरियो।

उपस्थिति

| क.स | नाम, थर | निर्वाचित पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री सन्तमान तामाङ | अध्यक्ष | |
| २. | श्री सन्जु प्याकुरेल श्रेष्ठ | उपाध्यक्ष | |
| ३. | श्री नकुर दोङ तामाङ | १ नं वडा अध्यक्ष | |
| ४. | श्री बच्चुराम तामाङ | २ नं वडा अध्यक्ष | |
| ५. | श्री सोनाम तामाङ | ३ नं वडा अध्यक्ष | |
| ६. | श्री अस्मिन कुमार पाण्डे | ४ नं वडा अध्यक्ष | |
| ७. | श्री सरोज भण्डारी | ५ नं वडा अध्यक्ष | |
| ८. | श्री सीरमान तामाङ | ६ नं वडा अध्यक्ष | |
| ९. | श्री छिरिङ शेर्पा | कार्यपालिका सदस्य | |
| १०. | श्री देवकी विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ११. | श्री इन्जिला सिलवाल | कार्यपालिका सदस्य | |
| १२. | श्री सरिता तामाङ | कार्यपालिका सदस्य | |
| १३. | श्री शर्मिला उप्रेती खनाल | कार्यपालिका सदस्य | |
| १४. | श्री विसु सुनार | कार्यपालिका सदस्य | |
| १५. | श्री ध्रुव खनाल | सचिव | |
| अन्य उपस्थित कर्मचारी | | | |
| १६. | श्री सेवक विक्रम राई | लेखा अधिकृत | |
| १७. | श्री विरोचन खनाल | अधिकृत छैठौं | |
| १८. | श्री शर्मिला थापा | कम्प्युटर अपरेटर | |

## प्रस्तावहरु

१. बजेट तर्जुमा प्रक्रिया सम्बन्धमा ।

२. खेलकूद सञ्चालन तथा व्यवस्थापन खर्च निर्देशिका सम्बन्धमा ।

३. शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

४. योजना सम्झौता सम्बन्धमा ।

५. राष्ट्रिय परिचयपत्रको शिविरमा भएको खर्च रकम सम्बन्धमा ।

६. हालसम्मको खर्च अनुमोदन सम्बन्धमा।

७. विपद् राहत सम्बन्धमा ।

८. बाटो हेरालु राखे सम्बन्धमा ।

९. विविध ।

०८१/२/३०

## निर्णयहरु

| य नं. | निर्णयहरु |
|---|---|
| | प्रस्ताव नं १ उपर छलफल गर्दा आ.व २०८२/०८३ को बजेट तर्जुमा गर्ने प्रयोजनको लागि विभिन्न समितिको बैठक बसी बजेट तथा कार्यक्रम छनौट गरी बजेट तथा कार्यक्रम समितिमा पेश गर्ने र वडा कार्यालयहरुले मिति २०८२/०३/०३ गते भित्र बस्ती तथा टोलमा योजना छनौट गर्ने र सो योजनाहरु लाई वडास्तरमा प्राथमिकीकरण गरी गाउँपालिकामा पेश गरी बजेट तर्जुमा प्रक्रिया अगाडी बढाउने र आगामी आषाढ ४ गते आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम गाउँ सभामा पेश गर्ने निर्णय गरियो । |
| | प्रस्ताव नं २ उपर छलफल गर्दा शिक्षा युवा तथा खेदकूद शाखाले तयार गरेको तादी गाउँपालिकाको खेलकूद सञ्चालन तथा व्यवस्थापन खर्च निर्देशिका २०८२ लाई स्वीकृत गर्ने निर्णय गरियो । |
| | प्रस्ताव नं ३ उपर छलफल गर्दा तादी गाउँपालिका शिक्षा समितिले मिति २०८२/०२/०१ गते र २०८२/०२/०५ गतेको निर्णय लाई अनुमोदन गर्ने निर्णय गरियो । |
| | प्रस्ताव नं ४ उपर छलफल गर्दा यस गाउँपालिकाको आ.व. २०८१/०८२ मा विनियोजन भएका योजना तथा कार्यक्रमहरुको सम्झौता आज मिति २०८२/०२/३० सम्म मात्र गर्ने निर्णय गरियो। |
| | प्रस्ताव नं ५ उपर छलफल गर्दा गाउँपालिकाको आयोजना तथा जिल्ला प्रशासन कार्यालय विदुर नुवाकोटको सहजिकरणमा आयोजना भएको राष्ट्रिय परिचयपत्र शिविर संचालन वापत भएको तपशिल वमोजिमको खर्च रकम आ.व २०८१/०८२ मा विनियोजन भएको कार्यक्रम खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो साथै जिल्ला प्रशासन कार्यालयबाट आउनुहुने कर्मचारीहरुलाई तोकिए वमोजिमको दैनिक भ्रमण खर्च र यस कार्यालयबाट खटिनु भएका तपशिल बमोजिमका कर्मचारीहरुलाई जतिदिन काम गरेको हो त्यती दिन बराबरको नेपाल सरकारको प्रचलित नियमानुसार दैनिक भ्रमण भत्ता उपलब्ध गराउने निर्णय गरियो ।<br>तपशिल :<br>खाना, खाजा र आवास वापतको जम्मा रकम रु ४९,०००।<br>यस गाउँपालिकाबाट खटिएका कर्मचारीहरु<br>१.विरोचन खनाल- अधिकृत छैटौं प्रशासन शाखा<br>२.रविना रिमाल- MIS OPERATOR पञ्जिकरण ईकाइ<br>३.विमा कुमारी तामाङ- फिल्ड सहायक पञ्जिकरण ईकाइ<br>४.राजेश श्रेष्ठ — स.क.अ. राजस्व शाखा<br>५.नारायण कपि कुस्ले — का.स<br>६.प्रकाश कडेल —का.स<br>७.नारायण वाँनिया — का.स |

| | |
|---|---|
| ६ | प्रस्ताव नं ६ उपर छलफल गर्दा यस तादी गाउँपालिकाबाट हाल सम्म भएका सम्पूर्ण चालु र पुँजिगत खर्च लाई अनुमोदन गर्ने निर्णय गरियो । |
| ७ | प्रस्ताव नं ७ उपर छलफल गर्दा यस गाउँपालिकाको तपशिल वमोजिमका स्थानहरुमा वर्षातको समयमा वस्ती जोखिममा रहेकोले उक्त वस्ती संरक्षण गर्न र यस गाउँपालिकाको विभिन्न वडामा आगलागी भई घरमा क्षति पुगेका तपशिल वमोजिमका व्यक्तिहरुलाई तपशिल वमोजिमको रकम विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।<br>तपशिल :<br>१.लामिडाँडा वस्ती संरक्षण तादी ४ – रु ५०,०००।–<br>२.जिरो किलो नयाँवस्ती डि वस्ती संरक्षण तादी ५ – रु ५०,०००।-<br>३.पदम् बहादुर तामाङ तादी ३ – रु २५,००० ।-<br>४.भरत उप्रेती तादी ५ – रु ५०,०००। (आगलागी)<br>५.वद्री बहादुर उप्रेती तादी ५ – रु ५०,०००। (आगलागी) |
| ८ | प्रस्ताव नं ८ उपर छलफल गर्दा यस गाउँपालिकाको मुख्य मुख्य बाटोहरु वर्षातको कारण क्षती पुग्ने भएको हुँदा उक्त क्षतिलाई कम गर्नको लागि तपशिल वमोजिमका बाटोहरुमा वडा समितिको सिफारिसमा बाटो हेरालुहरु लाई २०८२ आषाढ र श्रावण दुई महिनाको लागि ठाडो नियुक्ती दिने र निजहरुको सुविधा नेपाल सरकारले तोकेको न्युनतम मासिक पारिश्रमिक १७,३००।– अक्षरुपी सत्र हजार तीन सय मात्र उपलब्ध गराउने र उक्त हेरालुहरुलाई वडा समितिको प्रत्यक्ष निगरानीमा काम काजमा लगाउने निर्णय गरियो ।<br>१. दोर्खु खोला देखी काल्चे सम्मको सडक- १<br>२. दोर्खु खोला देखी धनसार मानेडाँडा सम्मको सडक-१<br>३. बाहविसे सतार मैदान हुदै चिलाउने गाँउ सडक-२<br>४. खरानीटार कोईरालाचेत भिरकुना सडक-१<br>५. खरानीटार डाँडागाँउ अल्छेढुङ्गा सडक-१<br>६. सातविसे बाधमारा सडक-२<br>७. जिरोकिलो विज्ञान मा.वि महरथुम भङ्ज्याङ सडक-१<br>८. आँपखोल्चा सठिया सडक-१<br>९. डोटेलवेशि पौवाथोक डाँडाको पाटो सडक-२ |
| ९ | प्रस्तुत विषयमा तपशिल वमोजिमको विविध विषयमा तपशिल वमोजिमको निर्णय गरियो ।<br>क) प्रस्तुत विषयमा यस गाउँपालिकाको विभिन्न क्षेत्रहरुमा क्रियाशिल रही यस गाउँपालिका लाई महत्वपूर्ण योगदान पुर्याउने व्यक्तित्व तथा गाउँपालिकामा कार्यरत कर्मचारीहरु मध्येबाट छनौट गरी यसै गाँउ सभामा सम्मान गर्ने निर्णय गरियों ।<br>ख) प्रस्तुत विषयमा यस गाउँपालिकाका सबै वडा अध्यक्षहरुको लागि विभिन्न कार्य सम्पादनको लागि १/१ थान ल्यापटप आवश्यक रहेकाले उक्त ल्यापटप खरिदको लागि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो । |

| | |
|---|---|
| | ग) प्रस्तुत विषयमा यस गाउँपालिकाको मुख्य मुख्य बाटोहरु वर्षातको कारण अवरुद्द भएको अवस्थामा विपद् व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी निर्माण व्यवसायीसँग सम्झौता गरी बाटो सरसफाई प्रक्रिया अगाडि बढाई यातायात सुचारु गर्ने निर्णय गरियो । |

०८२/२/३०